Received Date: April 2023 Revised: May. 2023 Accepted: June.2023

# समाजवाद उन्मुख संविधान र श्रमिकको अवस्था

**भेषराज घिमिरे**
उप-प्राध्यापक, राजनीतिशास्त्र त्रि.वि.
Email : brghimire32@gmail.com
Doi : https://doi.org/10.3126/ppj.v3i01.59079

**लेखसार**

*विगत लामो समय देखिको प्रयत्न स्वरुप नेपालमा संघीय लोकतान्त्रिक व्यवस्था स्थापित भयो । यो व्यवस्था लोकतान्त्रिक मात्र नभई गणतन्त्रात्मक र धर्म निरपेक्ष सहितको नयाँ विशेषतायुक्त पनि थियो । राजतन्त्रात्मक र एकात्मक प्रणालीले सम्पूर्ण समाजको समानुपातिक विकास हुन सक्दैन भनि जनताको चाहना र राजनैतिक दलहरुको अग्रसरताको कारण संविधानसभावाट नयाँ संविधान जसलाई नेपालको संविधान भनिन्छ, कार्यान्वयनमा आयो । यो संविधानले विभिन्न किसिमका मौलिक हक अधिकारहरु नागरिकलाई प्रत्याभूत गरेपनि आशातित रुपमा सफल कार्यान्वयन हुन सकिरहेको छैन । साथै यो मुलुकको कार्यदिशा समाजवाद उन्मुख हुनेछ भने स्पष्टताका साथ संविधानको प्रस्तावना एवम् धारा ४(१) मा उल्लेख गरेपनि राज्यले समाजवादको यात्राको शुरुवात समेत गरेको पाईदैन । सिमान्तकृत समुदाय या भनौ श्रमजीविहरुको हक हित तथा सुरक्षाका विषयहरु नारामा मात्र सिमित भैरहेकोले समाजको एउटा हिस्सा जुन श्रमिकको रहेको छ त्यो वर्ग चरम अभाव र गरिवीबाट ग्रुजिरहेको र देशबाट पलायन भैरहेको यथार्थता छलएङ्ग छ । अव पनि समाजवाद कार्यान्वयनमा नलाग्ने हो भने संविधानको ओचित्यता विस्तारै लोप हुन जानेछ । ।*

**शब्दकुञ्जी :** समाजवाद, श्रमिक, ट्रेड युनियन, मौलिक हक अधिकार, सामाजिक न्याय

## पृष्ठभूमि

ईसापूर्व करिब ६०० वर्ष अगाडि नै महान् राजनीतिक बिचारक प्लेटो एबितय जसले राज्यभित्र तीन किसिमको वर्ग विभाजन शासक वर्ग, सैनिक वर्ग र उत्पादक वर्ग (दासहरु) समेत गरी राज्यको कार्यविभाजन गरेका थिए । यदि श्रमिक उत्पत्तिको मुहान नै बताउने हो भने युनान र त्यसको सेरोफेरोको नगर राज्यहरु नै थिए । हेरा डोटसले ग्रिसमा सबैजना एकैसाथ भोजन गर्दथे, पैदा भएको अनाजलाई एकीकृतरुपमा उपभोग गर्दथे भनी आफ्ना लेखहरुमा उल्लेख गरेका छन् र समाजवादको व्याख्या गर्ने प्रयास गरेका छन् (शिवाकोटी, २०५९, पृ. १९९) । श्रम र उत्पादनको महत्वलाई त्यस समयदेखि पहिचान गरिए पनि अधिकार भने दिइएको थिएन । त्यसपछिका करिब-करिब दुई हजार वर्षसम्म शासन प्रणालीका रंग र ढंगहरु फरक-फरक किसिमका नै रहे । लामो समयसम्म अन्तर्राष्ट्रिय राजनीति स्वार्थपरक यात्रामा रह्यो । प्रथम र द्बितिय विश्वयुद्ध समग्र मानवजातिको कलङ्कको रुपमा रह्यो । द्बितीय विश्व युद्ध (१९३९-१९४५ ई.सं.) को विभिषिका बीचबाट खारिएर थुप्रै देशमा समाजवादी र नयाँ जनवादी क्रान्तिको लहर चल्यो । यो लहर सन् १९८० को पूर्वाद्धसम्मै रह्यो । यसबीचमा हरेक राष्ट्रहरुले आफूलाई समाजवादी देखाउने लहर नै चल्यो ।

वैज्ञानिक समाजवादको प्रारम्भ कार्लमार्क्सले गरेको भएपनि समाजवादी विचारधाराको बिज प्राचीन अवस्थामा नै देखापरेको थियो । सबैभन्दा पहिले थमस मुरेले १६ औं शताब्दीमा इंग्ल्याण्डको दरिद्रता र जनसंकटको विद्रोह युटोपिया ९गतयउष्ब० को रचना गरी आदर्श समाजवादी व्यवस्थाको कल्पना गरे । यस पुस्तकमा यस्तो सामाजिक व्यवस्थाको कल्पना गरिएको छ, जहाँ सबै बस्तुमा सबैको अधिकार छ र प्रत्येक व्यक्ति सुखी छ (शिवाकोटी, २०५९ पृ. १९९) । सन् १८६७ मा कार्ल मार्क्सद्वारा लिखित म्बक प्बउष्तबी एउटा

यस्तो कृति हो जसले मजदुरलाई बाँच्नको लागि संघर्ष गर्न प्रेरित गऱ्यो । पूँजिवादको उत्कर्षमा मजदुरहरुको चरम शोषण भैरहेको सन्दर्भमा उनले मजदुरलाई न्याय प्राप्त गर्ने बाटो देखाई दिए । सन् १८४८ मा मार्क्स र एंङिग्लसले कम्युनिष्ट घोषणापत्र लेखे जसमा भनिएको छ, आजसम्मको सम्पूर्ण सामाजिक इतिहास बर्गसंघर्षको इतिहास हो (शिवाकोटी, २०५९ पृ. २०८) । समय र अवस्थाले विस्तारै मजदुरहरुमा आएको चेतनाको कारण सन् १८८६ मे १ देखि अमेरिकाको शिकागो शहरमा लाखौ मजदुरहरुले आठ घण्टा काम आठ घण्टा विश्राम र आठ घण्टा मनोरञ्जनको माग राख्दै आन्दोलन जारी राखेको दिनलाई अहिलेसम्म संसारका सबै श्रमिकहरुले मे १ लाई महत्वपूर्व पर्वको रुपमा मनाउँदै आएका छन् । नेपालमा पनि यस दिनलाई महत्वपूर्ण दिनको रुपमा लिइएको छ । यद्यपि नेपाली श्रमिकको जीवनमा ठूलो परिवर्तन भने आउन सकेको छैन ।

नेपाल विभिन्न काल खण्डदेखि अहिलेसम्म कृषिमा आधारित अर्थतन्त्र र निरङ्कुशतादेखि लोकतन्त्रसम्मको यात्राको क्रममा राजनीतिक प्रणाली निरन्तर अगाडि बढिरहेको छ । मुलुकमा केही वैदेशिक सहायताका उद्योग र त्यसमा पनि सरकारी नियन्त्रणका साथै राजनीतिक प्रणालीको अनुदारताको कारण कानूनहरु न त श्रमिक मैत्री भए न त श्रमिकको उल्लेख्य उपस्थिति रहेको उद्योग व्यवसाय नै स्थापना हुन सके । औद्योगिकरणको प्रक्रिया धिमा गतिमा रह्यो ।

वि.सं. २००३ सालमा श्री गिरिजा प्रसाद कोइरालाको नेतृत्वमा नेपाल मजदुर संघको नामबाट श्रमिक संगठन स्थापना भए र यसबीचमा मजदुरलाई सामूहिक ढंगले संगठित गर्ने क्रममा गिरिजा प्रसाद कोइराला अध्यक्ष र मनमोहन अधिकारी महासचिव रहेको मजदुर सभा गठन भयो (खनाल, २०७६ पृ. ११) । यसले श्रमिक चेतनालाई संगठित बनायो । वि.सं. २०४६ सालपश्चात् नेपाल ट्रेड युनियन काँग्रेसको नाममा पुनर्गठित भएको श्रमिक संगठन र अन्य श्रमिक संगठनहरु, GEFONT, ANTUF त्यस्तै JTUCC लगायतका संगठनहरुले प्रजातन्त्रको प्राप्तिमा मुख्य भूमिका पनि निर्वाह गरे भने पटक-पटक भएका सामाजिक तथा राजनीतिक परिवर्तनहरुमा अग्रपंक्तिमा रहेर संघर्ष गऱ्यो ताकि राजनीतिक परिवर्तनले मजदुरहरुका बहुआयामिक समस्याहरु समाधान हुन सकुन् नै भन्ने प्रमुख लक्ष्य थियो ।

## अध्ययन विधि

नेपालको वर्तमान संविधानले लोकतान्त्रिक सामाजवादी चरित्रलाई ग्रहण गरेको छ । तसर्थ लोकतान्त्रिक समाजवादको कार्यान्वयन सरकारको पहिलो कर्तज्य हुन आउछ । यो लेखमा नेपालका श्रमिकहरुलाई समाजवादको कार्यान्वयनले कसरी समेटन सक्छ भनि विमर्श तथा विश्लेषण गरिएको सन्दर्भमा द्बितीय स्रोत सामाग्रीहरु पुस्तक, लेख रचना ऐन कानून प्रयोग गर्दै व्याख्या एवम् विश्लेषणात्मक विधिलाई पछ्याईएको छ । संविधानको चरित्र र भावनालाई कार्यगत व्यवहारमा कार्यान्वयन गर्नुपर्ने आसय र आवश्यकतालाई यहि विधिवाट प्रष्ट्याउने प्रयत्न गरिएको छ ।

## साहित्य समिक्षा

नेपालको संविधानले धारा ४ ले नेपाल स्वतन्त्र, अभिभाज्य, सार्वभौमसत्ता सम्पन्न धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो भनि उल्लेख गरिएको छ । साथै धारा ३३ मा रोजगारीको हक तथा धारा ३४ मा श्रमको हकको व्यवस्था गरेको छ । जसले श्रमिकका हक अधिकारको व्यवस्था गरिएको छ ।

श्रम ऐन २०७४ तथा श्रम नियमावली, २०७५ ले श्रम सम्वन्धि समग्र पक्षलाई समेटेको छ । श्रमिकको हक, हित तथा सुविधाको व्यवस्था गर्न श्रमिक र रोजगारदाताको अधिकार र कर्तव्यको स्पष्ट व्यवस्था गर्दै श्रम सक्वन्धको विकास, श्रम शोषणको अन्त्य र उत्पादन वृद्धि गर्ने उद्देश्य राखी कानून निर्माण भएको देखिन्छ ।

रोजगारीको हक सम्वन्धी ऐन, २०७५ ले रोजगार सम्वन्धी हक अधिकारलाई समग्र रुपमा उल्लेख गरिएको छ। यसले श्रमिकको रोजगार सम्वन्धी हक अधिकारलाई कानूनी रुपमा सुनिश्चित गरेको छ।

मनवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ ले मानिस हक अधिकार स्वतन्त्रतालाई विश्वव्यापी रुपमा मानवीय विषयको रुपमा उठाएको छ। माजव जातीको स्वतन्त्रतालाई सर्वोपरी रुपमा स्वीकारेको देखिन्छ।

अवको श्रम आन्दोलन र श्रम कानून (२०७६) लाई प्रमल कुमार खनालले लेख्नुभएको छ । जसमा श्रमआन्दोलनको इतिहास र श्रमिक हक अधिकारको विविध आयामहरुमा खोजमुलक सामाग्रीहरु प्रशासन गरिएको छ।

चैतन्य मि ? (२०७६) को पूजिवाद पुस्तक भित्र नेपालको सन्दर्भमा समाजशास्त्री चिन्तन पुस्तकमा समाजवादका आधार र स्वरुपबारे सैद्धान्तिक तथा व्यवहारिक चिन्तनलाई प्रष्ट्याइएको छ।

## समाजवाद उन्मुख संवैधानिक व्यवस्था

नेपालको विभिन्न राजनीतिक तथा सामाजिक आन्दोलनहरुमा नेपालको श्रमिक संगठनहरुले महत्वपूर्ण भूमिका निर्वाह गरेको यथार्थता सबैका सामु छर्लङ्ग छ । विभिन्न बैचारिक संगठनमा आवद्ध रही श्रमिक अधिकारलाई बुलन्द बनाउने अभियानमा श्रमिक संगठनहरु अगाडि नै रहे । श्रमिककै सहयोग र समर्पणका कारण राजनीतिमा पनि बदलाव आई संघिय लोकतान्त्रिक गणतन्त्रको स्थापना भयो । संविधानसभाको दोश्रो कार्यकालमा बनाइएको वर्तमान सविधानलाई हेर्दा सबै कुराहरु पाए जस्तो एउटा मिठो सपनाको भण्डार बनाईएको छ। समाजबाद मुख्यतः जीवन मूल्यसँग गाँसिएको कुरा हो। बर्मामा बोल्दै गर्दा जयप्रकाश नारायणले भन्नुभएको थियो- समाजवाद १०% मात्र सिद्धान्त हो र बाँकी ९०% व्यवहार हो। कहाँ छ त्यो व्यवहार आज ? ( गिरी, २०७९ पृ. १०)

वर्तमान संविधान (२०७२) को धारा ४ को उपधारा (१) ले नेपाल स्वतन्त्र अभिभाज्य सार्वभौमसत्ता सम्पन्न, धर्म निरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य भनी परिभाषित गरेको छ। यसको तात्पर्य नेपाल लोकतान्त्रिक समाजवादी मुलुकको दिशामा अगाडि बढ्ने राज्य हो भनी स्वीकारिएको अवस्था छ । अर्थात् नेपालका सम्पूर्ण राजनीतिक शक्तिहरुले लोकतान्त्रिक समाजवादी कार्यदिशा अँगाल्ने सहमति गरेका हुन्। संविधान जारी भएको करिब आठ वर्षमा के कसरी राज्य अगाडि बढ्न सक्यो भन्ने विषय महत्त्वपूर्ण छलफलको पाटो हुनेछ । एकातर्फ राज्य उदारीकरण बजार अर्थ व्यवस्थाका मूलभूत सिद्धान्त र अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँग साझेदारितामा संलग्न रहेको यथार्थता छ भने अर्कोतर्फ नागरिकहरुलाई हाम्रो बाटो समाजवाद उन्मुख हो भनी बताइरहेको छ। राज्यले वर्तमान संवैधानिक व्यवस्थामा शासन प्रणालीको स्पष्ट मार्गचित्र सैद्धान्तिकरुपमा लोकतान्त्रिक समाजवाद हो भनी बताइरहेको छ । सैद्धान्तिकरुपमा समाजवाद उन्मुख राज्यप्रणालीले नागरिकको प्रत्यक्ष सरोकार राख्ने विषयहरु शिक्षा, स्वास्थ्य र रोजगारलाई राज्यद्वारा निःशर्त प्रत्याभूत गर्दछ तर बिडम्वना व्यवहारमा राज्य फरक दिशाबाट हिँडिरहेको प्रष्ट छ। बाटो बनाइएको मार्ग पछ्याईको देखिएन।

त्यस्तै संविधानको धारा ३३ मा रोजगारीको हकको व्यवस्था गरिएको छ। जसमा प्रत्येक नागरिकलाई रोजगारीको हक हुने र बेरोजगारी सहायता संघीय कानून बमोजिम हुनेछ भनी व्यवस्था गरेको छ साथै ३३(२) ले प्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने हक हुनेछ व्यवथा गरेको छ। वर्तमान संविधानको धारा ३४(१) मा प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुनेछ भन्ने व्यवस्था गरेको र श्रमिक शब्दको परिभाषा गर्दै पारिश्रमिक लिई रोजगारदाताको लागि शारीरिक वा बौद्धिक कार्य गर्ने कामदार वा मजदुर हो भनी स्पष्ट पारिएको छ । सोही धाराको उपधारा (२) मा प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ साथै उपधारा (३) ले प्रत्येक श्रमिकलाई कानून बमोजिम ट्रेड युनियन

खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदावाजी पाउने हक हुनेछ भनी स्पष्ट श्रमिक अधिकाको व्यवस्था गरेको देखिन्छ ।

**वर्तमान संविधानद्वारा (धारा ५१)(झ) मा व्यवस्था गरिएको श्रम तथा रोजगार नीति**

१. सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक, आर्थिक शक्तिको रुपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यवसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने ।

२. मर्यादित श्रमको अवधारणा अनुरुप सबै श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने ।

३. बालश्रम लगायत श्रम शोषणका सबै रुपको अन्त्य गर्ने ।

४. श्रमिक र उद्यमी व्यवसायीबिच सुसम्बन्ध कायम गर्दै व्यवस्थापनमा श्रमिकको सहभागिता प्रोत्साहन गर्ने ।

५. बैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्न तथा तथा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभूति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने ।

६. बैदैशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमुलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने ।

वर्तमान संविधानमा श्रमिकसम्बन्धी नीतिलाई श्रमिकमैत्री बनाउने भनिएपनि खास व्यवहारमा कार्यान्वयन छैन । लोकतान्त्रिक समाजवादी चरित्रको संविधानले मात्र समाजको सर्वाङ्गिण विकास हुन सक्दैन । समाजवाद घोकन्ते बिद्या होइन । यो सिर्जनात्मक आन्दोलन हो । समाजवादीहरुले इतिहासको गति बुझ्नुपर्छ ( गिरी, २०७९ पृ.९) ।

**कानूनी तथा संस्थागत व्यवस्था**

श्रमिकको लागि ल्याइएको श्रम ऐन, २०७४ र नियमावली २०७५ ले श्रमिक तथा रोजगारदाता बिचको सम्बन्ध स्थापित गर्ने उद्देश्य राखेतापनि दफा १३ ले परिक्षणकालको समयमा मनोमानी रुपमा श्रमिकसँग रोजगार सम्झौता अन्त्य गर्ने र त्यसरी रोजगार सम्झौता अन्त्य नभएको श्रमिकको परिक्षण काल समाप्त भएपछि रोजगार सम्बन्ध स्वतः सदर भएको मानिने छ (श्रम ऐन, २०७४ पृ. ६) । भन्ने प्रावधान राखेर रोजगारदाताको पक्षषोषण गरेको छ । यस्तो खालको रोजगारदाताको मनोमानीलाई रोक्नु बाञ्छनीय नै हुन्छ ।

लामो समयदेखि विभिन्न श्रमिक संघ/संगठनहरुले श्रमिकको हक हितमा आवाज तथा दवाव दिए पश्चात् योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ बन्यो । यसलाई पक्कै पनि बलियो र विश्वासयोग्य बनाउनुपर्ने अहिलेको आवश्यकता हो । यस कानूनको पुरापुर कार्यान्वयनमा रोजगारदाता शुरुमा आशंकित र विस्तार विस्तारै आवद्ध भैरहेको सन्दर्भमा अरु प्रभावकारी र सार्थक संलग्नता हुन औद्योगिक वातावरणको एउटा पहिलो अनिवार्य शर्त हुनुपर्छ । यद्यपि अन्तर्राष्ट्रिय श्रम संगठन र यसले पारित गरेका विभिन्न महासन्धीहरु श्रमिक आन्दोलनका महत्वपूर्ण पक्ष र न्याय प्राप्तका सुखद लक्षणहरु हुन् ।

श्रमिकहरुको काम मर्यादित हुनुपर्छ भन्ने आवाजलाई मूर्तरुप दिनुको साथै औद्योगिक वातावरणलाई थप मजबुद बनाउँदै श्रमिकको मागलाई सुनुवाई हुने स्थानमा पुऱ्याउने कार्य ट्रेड युनियनहरुको नै हो । ट्रेड युनियनहरुले जति श्रमिकपक्षीय भूमिका खेल्न सक्नुपर्थ्यो सो भने हुन सकिरहेको देखिँदैन । जस्तो कि मर्यादित काम मजदुरको मुख्य चाहना हो । जसमा निम्नविषयहरु पर्दछन् :

- यस्तो आम्दानी जसले हरेक श्रमिकलाई असल जीवन जिउन पुगोस् ।

- यस्तो काम जहाँ भेदभाव नहोस्, हरेक श्रमिकले आफ्नो वृत्ति विकासको लागि समान अवसर पावस् ।
- यस्तो कार्यथलो, जुन उपयुक्त र सुरक्षित होस् ।
- यस्तो वातावरण, जहाँ युनियन संगठन गर्न पाइयोस्, काम सम्बन्धी विषयमा श्रमिकले आफ्नो भनाइ निर्धक्क राख्न पाओस् ।
- यस्तो राज्य, जसले बिरामी कमजोर, पाका उमेरका श्रमिक र विपत्मा परेका महिलालाई सहायता पुऱ्याउने सामाजिक सुरक्षाको संयन्त्र निर्माण गरेको होस् (उपाध्याय, गौतम, २०७४ पृ. ३) ।

सारमा भन्ने हो भने मर्यादित कामका चारवटा पक्षहरु छन् : (१) रोजगार, (२) अधिकार (३) संरक्षण (४) सम्वाद । लोकतान्त्रिक राज्यव्यवस्थामा सबै नागकिको सामाजिक सुरक्षाको जरुरी हुन्छ त्यसैले मर्यादित कामको प्रमुख शर्तको रुपमा रहेको प्रत्येक कार्यस्थल चाहे सरकारी, गैरसरकारी, निजी, औपचारिक वा अनौपचारिक सबै क्षेत्रमा सामाजिक सुरक्षाका न्यूनतम व्यवस्था जस्तैः औषधि उपचार, संचय कोष, उपदान, बिमा लगायतका सुविधाको सुनिश्चितता अनिवार्यरुपमा हुनु जरुरी छ (निरौला, २०७५, पृ. १९) । यी कुराहरु कहिले पूरा हुने हुन् ? लोकतान्त्रिक राज्यप्रणालीका लागि यी त अनिवार्य अन्तरनिहित विषयहरु हुनुपर्ने तर किन हुन सकिरहेको छैनन ? त्यसमा सरकार, ट्रेडयुनियन कानूनको कमजोरी वा मानव स्वभावजन्य प्रकृति को दोषी हो ? यसैमा अध्ययन र विश्लेषण हुनुपर्ने पनि देखिन्छ । यसर्थ संस्थागत संरचना श्रम मन्त्रालय, विभाग, कार्यालय, ट्रेड युनियन र श्रम अदालत क्रियाशिल भएपनि मजदुर किन जीविकोपार्जन गर्न पनि कठिन अवस्था छन् यसका अन्तनीहित कारणहरु खोज्नु र खोल्नुपर्ने देखिन्छ । अन्तर्राष्ट्रिय श्रम संगठनका अनुसार कुनै पनि ठाउँमा भएको गरिबीले अरु कुनै पनि ठाउँमा सम्पन्नतालाई खतरा उत्पन्न गर्न सक्छ भन्ने कुरा आफ्नो फिलोडेल्फिया घोषणापत्रमा उल्लेख गरेको छ (ILO) १९४० । यो कुरा राज्य व्यवस्थाले स्वीकार्ने हो भने गरिबी निवारणका प्रभावकारी र दिगो कार्यक्रम आउन ढिलो भइसकेको छ ।

## संवैधानिक व्यवस्था र श्रमिकको अवस्था

वर्तमान लोकतान्त्रिक गणतन्त्रात्मक संविधान प्राप्तिमा श्रमिक संगठनका सबै तह र तप्काको महत्वपूर्ण भूमिका रहेकोमा दुईमत छैन । संविधानले र कानूनले श्रम, श्रमिक र अधिकारका बारेमा सम्बोधन गरेता पनि सारभूतरुपमा संबैधानिक व्यवस्थालाई श्रमिकको अवस्थासँग साट्न नसकिएको परिस्थिति घामजस्तै छर्लङ्ग छ । मर्यादित कामको नारा नारामै सीमित छ ।

कार्लमार्क्सको अनुसार जब-जब राज्यहरु निर्माण र विकास हुँदै आए समाजमा वर्ग विभाजन गरिदै आयो । एउटा **हुनेखाने वर्ग** (Have) अर्को **हुँदाखाने वर्ग** (Have not) जसको अन्तरसंवाद, द्वन्द्व र सम्बन्ध नै राज्य विकासको अहिलेसम्मको स्वरुप र सार हो । चाहे साम्यवादी चरित्रको राज्य होस् या पुँजीवादी चरित्रका राज्यहरू त्यहाँ स्वरुपमा केही फरक भएपनि मजदुरहरु तुलानात्मक रुपमा ठगिएकै छन् । उनीहरुलाई बढीभन्दा आश्वासन दिएर विभिन्न क्रान्ति गर्दै सत्ता परिवर्तन र निर्माणमा प्रयोग गरिएको तर राजनीतिक परिवर्तन पछि उनीहरुले न्याय पाउनको लागि पुनः संघर्ष गर्नुपर्ने अवस्था विद्यमान छ । नेपालका सबै साम्यवादी, समाजवादी, प्रगतिशिल, बाम, सबैदल र धारहरुमा रहेका अनेकौं अन्तर्सम्बन्ध र विविधताका बाबजुद निचोडबारे यी सबैको स्वर निरन्तर मिलेको पाइन्छ । त्यो स्वर के हो भने वर्तमान नेपालको उत्पादन प्रणाली र अर्थतन्त्रको चरित्र अर्द्धसामन्ती र अर्द्धऔपनिवेशिक रहेको छ । (मिश्र, २००७ ई.सं., पृ. १४०-१४१) ।

जसरी कार्ल्समाक्सले श्रमिक वर्गलाई एकतावद्ध हुन आह्वान गरेपनि थोरै समाजवादी तथा पूँजीवादी मुलुकहरुमा श्रमिकको जीवनमा ठूलो परिवर्तन आएपनि धेरै मुलुकहरुमा खासै ठूलो गुणात्मक परिवर्तन हुन सकेन । नेपालको सन्दर्भमा भन्ने हो भने नेपालको हरेक परिवर्तनमा मजदुरहरुको महत्वपूर्ण साथ, सहयोग र

समर्थन रहेको तर राज्यले नीति निर्माणको तहदेखि विभिन्न सरोकारजन्य अवस्था र व्यवस्थामा उचित प्रतिनिधित्व गराउन पनि सकेको छैन भने न्यूनतम ज्यालाको लागि अझै पनि सडकमा संघर्ष गर्नुपर्ने अवस्था छ । आजको दिनसम्म पनि सरकारले श्रमिकहरुको न्यूनतम शुल्क १५ हजार तोकेको छ । यस्तो अवस्थामा मजदुरहरु कसरी आफ्नो दैनिकी चलाउन विवश छन् सहजै अनुमान लगाउन सकिन्छ ।

संविधानको धारा ५१ को (ञ) मा विभिन्न किसिमका समाजिक न्याय र समावेशिकामा नीतिको उल्लेख भएपनि महिलाले कार्यस्थल अनुकूल नहुँदा विभिन्न लैङ्गिक तथा मानसिक पिडा सहनु परिरहेको अवस्था छ । जुन रोजगारदाताको प्राथामिकतामा परेकै छैन । लोकतन्त्रमा सबै पक्षको सहभागिता अनिवार्य हुन्छ । सहभागितामूलक प्रजातन्त्रमा सामाजिक संवाद अनिवार्य हुन्छ । सामाजिक संवाद हुँदा बर्ग सहयोगको सिद्धान्त र व्यवहार अवलम्बन गरिन्छ । लोकतान्त्रिक राज्यमा राज्यको एकाधिकार होइन, सबै बर्ग र समुदायको भावनात्मक तथा भौतिक प्रतिनिधित्व सुनिश्चित हुनुपर्छ । नेपालको सन्दर्भमा श्रमिक अझैपनि बाँच्नसक्ने पारिश्रमिकका लागि अनवरत संघर्षरत छन् । राज्यको नीतिनिर्माण, योजनानिर्माण र कार्यक्षेत्रमा श्रमिक सहभागितालाई सामाजिक न्यायको मूल्यमान्यताअनुरुप समेट्न सकिएको छैन । श्रमिकले काम गर्ने स्थानहरु आधुनिक विकासका मोडलका नाममा स्थानीय सरकारहरुद्वारा ध्वस्त बनाइदैछ । श्रम प्रशासनको सीमित भूमिका रहेको कारण सबै भूगोललाई सहज किसिमबाट सेवा प्रदान गर्न सकिएको छैन । सामूहिक सौदाबाजीको लागि औपचारिक संगठनहरुमा केही सुविधा भएता पनि अनौपचारिक संगठनका लागि कुनै व्यवस्था भएको देखिदैन । यसमा राज्य मौन देखिन्छ ।

एकातर्फ राज्यले रोजगार सिर्जना गर्न सकेको छैन भने अर्कोतर्फ श्रमिकको ठूलो हिस्सा जेनतेन कमाएको आम्दानी शिक्षा र स्वास्थ्यमा खर्च गर्न बाध्य छ र उसले राम्रोसँग आफ्नो औषधोपचार र शिक्षाको सुविधा प्राप्त गर्न सकेको छैन । यी यस्ता विषयहरुमा राज्य मौन देखिन्छ । अझ भन्ने हो भने राज्यमा इच्छाशक्ति पनि भएको देखिदैन । देशको ठूलो युवा शक्ति देशमा रोजगारविहिन भएर वैदेशिक रोजगारको कठिन श्रमसँग जुधिरहेको अवस्था छ । त्यो त्यति सरल र सहज पनि छैन र अर्को कुरा उनीहरुले कमाएको पैसा राज्यले उनीहरुको वृहत्तर हितका लागि लगानी गरिदिने नीतिलाई अझै प्रभावकारी बनाउन सकेको छैन । जसबाट एउटा श्रमिक ऋणबाट मुक्त हुन अप्ठ्यारो परिस्थिति बन्दैछ । समग्र आर्थिक कृयाकलाप र राज्यको प्रवृत्तिलाई हेर्दा नेपाली श्रमिकहरु गरिबीको दृष्चक्रबाट बाहिर आउन कठिन बन्दै गइरहेको अवस्था छ । देशमा क्रियाशील एनजिओ, आइएनजिओहरु पनि औपचारिक श्रमिक संगठनहरुलाई चिन्दैनन्, उनीहरुको क्रियाकलाप र कार्यनीति केवल संगठित क्षेत्रका श्रमिकको हितमा मात्र रहेको देखिन्छ ।

अन्तर्राष्ट्रिय रुपमा मानवता सम्बन्धी विभिन्न कानून बनेका भएपनि श्रमिकहरु (खासगरी विकासोन्मुख देशहरुमा) अझै पनि अमानवीय व्यवहारमा बाँच्न विवश छन् । यो अवस्था कहिलेसम्म ? संविधानको पालना र कार्यान्वयन सत्ताको एउटा कडी भएतापनि कार्यान्वयनकर्ताको झुकाव धनी वर्गतर्फ रहेसम्म हुने यस्तै नै हो जस्तो नेपालमा आम श्रमिकहरुको अवस्था छ । हुनत विश्वमा खासगरी पार्श्ववर्ती समाज (एचष्कबतष्अ क्यअष्भतथ) मा साशकहरु एउटा कानून बनाउँछन र अर्कै व्यवहार गर्छन भनी पश्चिमी विद्वान ँ৳ च्भ्नक ले भनेका छन् । उनको त्यो अनुसन्धानबाट निस्किएको बिचार समग्र विकासन्मुख मुलुकको (नेपाल समेत) अवस्थालाई प्रष्ट्याँउछ ।

कानूनी शासन, समावेशीकरण शसक्तिकरण र पारदर्शिदाता मुख्य चरित्रको लोकतन्त्र अझै भन्ने हो भने समाजबाद उन्मुख रहेको प्रणालीले शिक्षा, स्वास्थ्य र रोजगारमा बिचौलिया खडा गरी एक पक्षलाई पक्षपोषण गरी रहेको र आफै चाहिँ पेट्रोल र सिमेन्ट बेचेर कहिले समाजवादी यात्राको थालनी होला ? यो समाजवादी राज्यको परिभाषालाई ठूलो व्यङ्ग्य पनि हो । तसर्थ संविधानको व्यवस्था र भावलाई कार्यान्वयन गर्ने हो भने राज्यले कम्तीमा पनि शिक्षा र स्वास्थ्य पूर्ण सरकारी र रोजगारलाई राज्यको पहिलो प्राथामिकतामा राख्नुपर्ने हुन्छ । समाजवादी राज्यले त रोजगार श्रृजना गर्नुपर्छ । अन्यथा यो संविधानले क्रमश: विश्वसनीयता र बैद्यता

गुमाउँदै जान्छ । पक्कै पनि कार्यान्वयन नहुने राजनीतिक दस्तावेज र शासन प्रणालीले नागरिक र राज्य बीचको सम्बन्धलाई बलियो बनाउन सक्दैन ।

## अबको बाटो

संविधानको सफल कार्यान्वयन र प्रणालीको जगेर्ना अहिलेको पहिलो आवश्यकता हो । संविधानले परिकल्पना गरेको समाज, जसलाई समावेशीकरण र सह-अस्तित्वको पृष्ठभूमिमा सामाजिक सुरक्षा र संरक्षणले मात्र प्रतिशिल बनाउन सक्छ । राज्य जहिले पनि सम्भ्रान्त (Elite) को पक्षमा उभिएको अहिलेसम्मको यथार्थतालाई क्रमभंगता गर्दै आम नागरिकको पक्षमा राज्य उभिएन भने श्रमिक विद्रोह अनिवार्य छ नै जसले विकासको गतिशिलतालाई निश्चित रुपमा पनि रोक्ने छ । जसरी नेपालको संविधानले परिकल्पना गरेको आर्थिक, सामाजिक तथा राजनीतिक पक्षहरु छन्, तिनीहरुको इन्मान्दारितापूर्वक कार्यान्वयनमा जुट्नुपर्छ । नेपालको श्रमिक आन्दोलन राजनीतिक परिवर्तनको घनिष्ट सारथी बनेको तर स्वयं आफ्नो अवस्था बदल्न नसक्ने अवस्था हुनु सग्रम श्रमिक आन्दोलनको असफलता हो नै राज्यको पनि कार्यसम्पादन वैद्यताको क्षयिकरण हो । जस्ले अन्तत प्रणालीको भूमिकामा प्रश्न गरिरहने छ ।

## सन्दर्भ समाग्री

उपाध्याय, उमेश र गौतम, रुद्रप्रसाद, (सम्पा.), (२०७४), *बदलिदो कार्यथलोमा मर्यादित काम,* काठमाडौं, GEFONT

खनाल, प्रेमल कुमार, (२०७६). *अबको श्रम आन्दोलन र श्रम कानुन,* भक्तपुर ब्रदर्स अपसेट प्रिन्टर्स प्रा.लि.

गिरी, प्रदिप (२०७९). *भुपु समाजवादी र असली समाजवाद,* प्रदिप गिरी स्मृति ग्रन्थ, काठमाडौं सहित स्मृति प्रतिष्ठान ।

निरौला, गणेश, (२०७५).अर्थतन्त्र सुधारका लागि मर्यादित रोजगारी, *श्रम सन्देश स्मारिका* । काठमाडौं, नेपाल ट्रेड युनियन काग्रेस ।

नेपालको संविधान २०७२

प्रजातन्त्रिक समाजवादी सम्बन्धी अवधारणा

मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८

मिश्र, चैतन्य, (२०७६). *पूँजीवाद,* मेरीदेशन र प्रत्युष वन्त (सम्पादक, नेपालको सन्दर्भमा समाजशास्त्रिय चिन्तन, ललितपुर, सोसल साइन्स बहा:)

शिवाकोटी, गोपाल,(२०५९). *राजनीतिक बिचारधाराको इतिहास,* काठमाडौं : रत्नपुस्तक भण्डार ।

श्रम कानून, २०७४

श्रम सम्बन्धी कानूनको संगालो, JTUC